# खानेपानी तथा सरसफाइ - सहलगानी आयोजना

## आयोजना कार्यान्वयन निर्देशिका

फागुन २०६८

# १. भूमिका

देशमा योजनाबद्ध विकासको क्रम शुरू भएदेखि नै क्रमिक रूपमा सवै जनतालाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन गरिएको प्रयासको फलस्वरूप नै वर्तमान अवस्थामा करिव ८२ प्रतिशत जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध हुनसकेको छ । खानेपानीको क्षेत्रमा भएको यो उपलब्धी सरकार एक्लैको प्रयासले मात्रै भएको भने हैन । खानेपानी क्षेत्रको विकास, विस्तार र संबर्द्धन गरी उल्लेख्य उपलब्धी हासिल गर्नमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी निकाय, संघ, संस्था र सेवाग्राही जनता सवैले आ-आफ्नो ठाउँवाट महत्वपूर्ण भूमिका निर्वाह गरी अतुलनीय योगदान गरेका छन् ।

खानेपानी सेवा विस्तारका क्रममा देशभर विभिन्न प्रविधि र क्षमताका खानेपानी संरचना र प्रणालीहरूको निर्माण भएका छन् । विभिन्न समय अन्तरालमा बनेका कतिपय खानेपानीका संरचना र प्रणालीहरू वर्तमान अवस्थामा पनि राम्रोसंग संचालन भइरहेका छन् भने कतिपय प्रणालीहरूको उचित मर्मत सम्भार तथा समय सापेक्ष सुधार हुन नसकेको कारण तिनवाट अपेक्षित सेवा उपलब्ध हुन सकिरहेको छैन ।

सन् २०१७ (वि.सं. २०७३) सम्म सवै जनतालाई खानेपानी सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य अनुरूप सरकारी तथा गैर सरकारी निकायहरूवाट भइरहेको लगानी मुख्यतया नयाँ सेवा संचालनमा केन्द्रित रहेकोले मौजुदा खानेपानी संरचनाहरूको समय सापेक्ष सुधार र सेवास्तर अभिबृद्धि तर्फ खासै ध्यान दिइएको देखिँदैन । राज्यले तय गरेको राष्ट्रिय लक्ष्य हासिल गर्न खानेपानी सेवा पाउन वाँकी जनतालाई खानेपानी सुविधा उपलब्ध गराउनु जति महत्वपूर्ण छ अपेक्षित सेवा दिन नसकेका (non-functional) प्रणालीहरूको मर्मत सम्भार एवं सुधार र जीर्ण तथा पूनर्निर्माण गर्नुपर्ने संरचनाहरूको सुधार विस्तार (rehabilitation) तथा पूनर्निर्माण गरी खानेपानी सेवा पूनस्थापन गर्नु पनि त्यत्तिकै महत्वपूर्ण छ । वर्तमान अवस्थामा सेवा नपुगेका ठाउँमा नयाँ आयोजनाको निर्माण भन्दा पनि मौजुदा संरचना एवं प्रणालीहरूको मर्मत सम्भार एवं सुधार विस्तार र पूनर्निर्माणको विषय चुनौतिको रूपमा देखिएको छ ।

देशमा विकासको गति संगसंगै जनजीवनमा पनि प्रशस्त गतिशिलता आएको छ । जनसंख्याको बृद्धि, आन्तरिक वसाइसराई र वसोवास क्षेत्रको विस्तारका साथसाथै जीवनस्तरमा आएको परिवर्तनका कारण पनि राम्रोसंग संचालन भइरहेका खानेपानी प्रणालीहरूवाट समेत माग अनुरूपको सेवा उपलब्ध हुन सकिरहेको छैन र खानेपानीको परिमाण र गुणस्तर पनि अपर्याप्त र न्यून हुँदै गईरहेको छ । जनताको आकांक्षा र चाहना अनुरूप पर्याप्त र गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो, तर उपलब्ध सिमित आर्थिक स्रोतवाट मात्र यी दायित्व पुरा गर्न र चुनौती समाधान गर्न संभव देखिँदैन ।

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्वन्धी राष्ट्रिय नीति २०६० ले सरकारको ८० र समुदायको २० प्रतिशत अनुपातको सहभागितात्मक कार्यपद्धति (participatory approach) अवलम्वन गरी नयाँ आयोजना कार्यान्वयन तथा मौजुदा प्रणालीको बृहत् मर्मत, सुधार विस्तार एवं पूनर्निर्माण कार्य र सेवास्तरमा बृद्धि गर्ने नीतिगत व्यवस्था गरेको छ । यस सहभागितात्मक कार्यपद्धति भित्र रहेर र सरकारको सिमित आर्थिक स्रोत माथि मात्रै भर परेर खानेपानी तथा सरसफाइको सुविधा विस्तार र सेवास्तर बृद्धि गर्न संभव नदेखिएपछि एशियाली विकास वैंकको सहयोगमा लगानी असुली (cost recovery) को सिद्धान्तमा आधारित प्रथम साना शहरी खानेपानी तथा सरसफाइ आयोजना सफलतापूर्वक सम्पन्न गरी पूनः उक्त वैंककै आर्थिक सहयोगमा सोही सिद्धान्त अनुरूपनै दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन भईरहेको छ ।

नगरोन्मुख साना शहरहरूमा खानेपानी तथा सरसफाइ सुधारको लागि तयार गरिएको १५ वर्षे विकास योजना २००९ ले देशभर २७१ साना शहरहरूको पहिचान गरेको छ । यस्ता साना शहरहरू

मध्य प्रथम साना शहरी खानेपानी तथा सरसफाइ आयोजनावाट २९ वटामा तोकिएको मापदण्ड अनुरूपको गुणस्तर सुनिश्चित गरी खानेपानी तथा सरसफाइ सुधार तथा सेवास्तर बृद्धिको कार्य सम्पन्न गरिएको छ भने दोस्रो आयोजनावाट करिव २४ वटामा सुधार तथा सेवास्तरको कार्य गर्ने लक्ष राखिएको छ । यही गतिमा र वाह्य स्रोतमा मात्रै निर्भर रहेर खानेपानी तथा सरसफाइको सुधार तथा सेवास्तर बृद्धिको कार्य गर्दै जाने हो भने पहिचान भैसकेका साना शहरहरूमा नै कार्य सम्पन्न गर्न अझ धेरै वर्ष लाग्ने देखिन्छ । यस्तो अवस्थामा नयाँ विकास हुने साना शहरहरू र त्यसको परिभाषा भित्र नपर्ने अन्य ठाउँमा खानेपानी तथा सरसफाइको सुधार तथा सेवास्तर बृद्धिको कार्य खाली कुरामा मात्रै सिमित रहन पनि सक्छ ।

साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाले लगानी असुलीलाई मुख्य आधार बनाएकोले सिमित स्रोत र साधनमा पहुँच भएका साना शहर र मौजुदा अन्य मझौला तथा साना खानेपानी प्रणालीका उपभोक्ताहरूले चाहना राख्दाराख्दै पनि खानेपानी तथा सरसफाइको सुधार तथा सेवास्तर बृद्धि गर्ने कार्यमा अग्रसर हुन सकेका छैनन् । जसले गर्दा मौजुदा सेवा व्यवस्थित र प्रभावकारी हुन सकिरहेको छैन र जीवनयापनको वातावरण प्रतिकूल बन्दै गइरहेको छ । साथै, आयोजना छिटो सम्पन्न गरी सेवा उपभोग गर्न तयार रहेका नयाँ आयोजनाका उपभोक्ताहरूलाई पनि सरकारसंग सहलगानी गर्न सक्ने वातावरण सृजना हुन सकेको छैन ।

यसै परिप्रेक्षमा, जनताको चाहना अनुरूप खानेपानी तथा सरसफाइको सेवा क्षेत्र तथा सेवास्तर बृद्धिको कार्यलाई व्यापकता दिई छिटो छरितो एवं दिगो सेवा सुनिश्चित गर्न सरकार, स्थानीय निकाय र उपभोक्ता समुदायको संस्थागत सहलगानीमा आधारित कार्यक्रम संचालन गरी खानेपानी तथा सरसफाइ आयोजनाहरूको कार्यान्वयन गर्नु समयसापेक्ष एवं वाञ्छनीय देखिन्छ ।

## २. कार्यक्रमको उद्देश्य

सहलगानी कार्यक्रमले खानेपानी तथा सरसफाइ सेवालाई आधारभूतस्तर सम्म मात्र सिमित नराखी जीवनयापनमा आएको परिवर्तन सापेक्ष उपभोक्तालाई छिटो रूपमा सुरक्षित, विश्वसनीय, पर्याप्त र दिगो सेवा उपलब्ध गराइ जीवनस्तर उकास्न टेवा पुऱ्याउने उद्देश्य राखेको छ । कार्यक्रमका अन्य उद्देश्यहरू निम्न वमोजिम छन्:

- कार्यक्रममा सहभागी आयोजनाका उपभोक्ता समिति (खानेपानी उपभोक्ता तथा सरसफाइ समिति) को ज्ञान, सीप, क्षमता र दक्षता बृद्धि गरी व्यावसायिक ढंगले दिगो तथा आत्मनिर्भर सेवा संचालन गर्न सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ सेवाको क्षेत्र तथा स्तर बृद्धि र व्यवस्थापनमा सामुदायिक तथा निजी क्षेत्रको संलग्नता एवं लगानीको वातावरण तथा अवसर श्रृजना गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने ।
- स्वस्थ जीवनयापनमा खानेपानीको गुणस्तर र सरसफाइको महत्व वारे उपभोक्ताहरूको चेतना अभिबृद्धि गरी जागरूक बनाउने ।
- खानेपानीको गुणस्तर कायम राख्न खानेपानी सुरक्षा योजना कार्यान्वयनमा सहयोग गर्ने ।

## ३. कार्यक्षेत्र

सहलगानी कार्यक्रमवाट निम्न अनुसारका मौजुदा, निर्माणाधिन अवस्थामा रहेका वा नयाँ खानेपानी तथा सरसफाइ आयोजनामा सेवा क्षेत्र विस्तार तथा सेवास्तर बृद्धि सम्वन्धी कार्य गरिनेछ ।

- १५ वर्षीय विकास योजनाले पहिचान गरेको साना शहरहरूको खानेपानी तथा सरसफाइ आयोजना ।
- निर्माण सम्पन्न भैसकेका साना शहरी खानेपानी तथा सरसफाइ आयोजना ।

- जिल्ला सदरमुकाममा खानेपानी आपूर्ति गर्ने खानेपानी तथा सरसफाइ आयोजना ।
- एउटै प्रणालीवाट १,००० भन्दा बढी उपभोक्तालाई खानेपानी सेवा दिंदै आएका वा निर्माणाधिन अवस्थामा रहेका वा नयाँ खानेपानी तथा सरसफाइ आयोजना ।
- इलेक्ट्रो-मेकानिकल उपकरणहरूको प्रयोग र कम्तीमा १,००० उपभोक्तालाई निजी धारा मार्फत सेवा संचालन गर्ने गरी डिजाइन भएका निर्माणाधिन अवस्थामा रहेका वा नयाँ खानेपानी तथा सरसफाइ आयोजना ।
- फोहर/प्रदूषित पानी प्रशोधन गर्ने र ठोस तथा तरल रूपमा रहेको फोहरमैलाको उचित व्यवस्थापनका साथसाथै स्थानीय वातावरण सुधार आयोजना ।

तर, नेपाल सरकारवाट संचालन गरिने यस कार्यक्रमवाट काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान आदिवाट खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराइएको क्षेत्रमा ती निकायको स्वामित्वमा रहेका मौजुदा संरचना एवं सेवा प्रयोग गर्ने गरी कुनै पनि कार्यक्रम संचालन गरिने छैन । त्यस्तै, सिधै खोला, नदी, नाला आदि पानीका स्रोतहरूमा निर्धारित मापदण्ड अनुसार प्रशोधन नगरिएको स्यानिटरी ढल विसर्जन गर्ने गरी प्रस्ताव गरिएको कार्यक्रममा पनि सहलगानी कार्यक्रमवाट कुनै किसिमको कार्य गरिने छैन ।

यस कार्यक्रममा सहभागी हुने खानेपानी तथा सरसफाइ आयोजनामा निम्न बमोजिमका कार्यहरू गर्न सकिनेछ ।

### ३.१ खानेपानी आपूर्ति व्यवस्था

खानेपानी आपूर्ति व्यवस्था अन्तर्गत मौजुदा खानेपानीको गुणस्तर, सेवा क्षेत्र वा सेवास्तर बृद्धि गर्न वा नयाँ आयोजनाको निर्माण गरी खानेपानी आपूर्ति व्यवस्था गर्न आवश्यकता अनुसार घटीमा १५ वर्षसम्मको अवधिलाई पर्याप्त हुनेगरी निम्न प्रकारका वा केही संरचनाहरूको पुरा वा आंशिक सुधार, विस्तार, पूनस्थापन वा नयाँ निर्माण गर्न सकिनेछ :

- सतह स्रोत संरचना (Surface Intake Structure)
- डीप टयुबवेल (Deep Tubewell)
- प्रसारण प्रणाली (Transmission System)
- पानी प्रशोधन प्रणाली (Water Treament System)
- सतहगत पानी ट्याङ्की (Surface Water Tank)
- इलेभेटेड पानी ट्याङ्की (Elevated Water Tank)
- वितरण प्रणाली (Distribution System)
- निजी धारा जडान (House Connections)
- सामुदायिक धारा (Community Taps)
- इलेक्ट्रो-मेकानिकल उपकरण (Electro-Mechanical Equipments)
- वाटर मिटर जडान (Water Meter Connections)
- जेनेरेटर तथा जेनेरेटर घर (Generator and Generator House)
- उपभोक्ता समितिको कार्यालय भवन (User Committee's Office Building)
- आयोजनास्तरको पानी परीक्षण प्रयोगशाला (Water Quality Testing Lab)
- पम्प घर, पाले घर/अपरेटर क्वार्टर
- खानेपानीको स्रोत, जलाधार क्षेत्र संरक्षण
- समितिले आवश्यक एवं उपयुक्त ठानेका संरचना

### ३.२ सरसफाइ कार्यक्रम

यस कार्यक्रम अन्तर्गत निम्न बमोजिमका कार्यहरू गर्न सकिनेछ :

- आयोजना क्षेत्रभित्रका शत प्रतिशत घरहरूमा चर्पी निर्माण गरी आयोजना क्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने ।
- निजी चर्पी बनाउन जग्गा अभाव भएका वस्ती, टोल, हाटवजार बसपार्क तथा सार्वजनिक स्थानहरूमा सेप्टीक ट्याङ्क सहितको सार्वजनिक शौचालयको व्यवस्था ।
- फोहर/प्रदूषित पानी प्रशोधन सहितको स्यानिटरी ढल निकास (Sanitary Sewerage) प्रणाली।
- नगर/बजारका प्रमुख क्षेत्र तथा हाटबजार वरीपरी वर्षातको पानी निकासको लागि सतह ढल निकास (Stormwater Drainage) प्रणाली ।
- ठोस तथा तरल रूपमा रहेको फोहरमैला व्यवस्थापन (Solid and Liquid Waste Management) प्रणालीका साथसाथै स्थानीय वातावरण सुधार कार्य ।

### ३.३ जनचेतना अभिबृद्धि कार्यक्रम

खानेपानीको गुणस्तर र सरसफाइको महत्व र स्वास्थ्यसंग तिनको सम्वन्धका वारेमा समुदायलाई सचेत गराउन निम्न अनुसारका जनचेतना अभिबृद्धि कार्यक्रम संचालन गर्न सकिनेछ :

- खानेपानीको गुणस्तर, सरसफाइ र स्वास्थ्य सम्वन्धी जनचेतना अभियान ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन सम्वन्धी तालिम ।

### ३.४ क्षमता अभिबृद्धि कार्यक्रम

आयोजनाको व्यावसायिक व्यवस्थापन तथा दिगो एवं भरपर्दो सेवा संचालनमा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको ज्ञान, सीप, क्षमता र दक्षता अभिबृद्धि गर्न निम्न अनुसारका कार्यक्रम संचालन गरिनेछन् :

- खानेपानी प्रशोधन प्रणालीको व्यवस्थापन र मर्मत सम्भार सम्वन्धी तालिम ।
- खानेपानी संकलन र वितरण प्रणालीको मर्मत सम्भार सम्वन्धी तालिम ।
- खानेपानीको गुणस्तर व्यवस्थापन, अनुगमन तथा परीक्षण र खानेपानी सुरक्षा योजना सम्वन्धी तालिम ।
- मिटर रिडिङ्ग, मिटर क्यालिब्रेसन सम्वन्धी तालिम ।
- इलेक्ट्रो-मेकानिकल उपकरण मर्मत सम्भार सम्वन्धी तालिम ।
- संस्थागत सुदृढीकरण, लेखा व्यवस्थापन र व्यावसायिक कार्ययोजना (Business Plan) तयारी सम्वन्धी तालिम ।

## ४. सहलगानी कार्यक्रम कार्यान्वयन व्यवस्था

सहलगानी कार्यक्रम अन्तर्गतका आयोजना उपभोक्ता समितिको सहभागितामा तोकिएको प्रावधान अनुरूप कार्यान्वयन गर्ने जिम्मेवारी खानेपानी तथा ढल निकास विभागको हुनेछ । कार्यक्रम व्यवस्थापनको लागि खानेपानी तथा ढल निकास विभागमा राजपत्रांकित प्रथम श्रेणीको सुपरिन्टेण्डिङ्ग इन्जिनियर आयोजना संयोजक रहने गरी 'सहलगानी कार्यक्रम व्यवस्थापन इकाइ'को स्थापना गरिनेछ । सम्वन्धित जिल्लास्थित विभाग अन्तर्गतका क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालयहरू र खानेपानी तथा सरसफाइ डिभिजन तथा सब-डिभिजन कार्यालयहरू आयोजना

कार्यान्वयन कार्यालयका रूपमा रहने छन् र सहलगानी कार्यक्रम अन्तर्गत संचालन गरिने आयोजनाहरू यीनै आयोजना कार्यालयहरू मार्फत कार्यान्वयन गरिनेछन् । यसरी कार्यान्वयन गरिने सम्पूर्ण आयोजनाहरूको समन्वय/सहजीकरण एवं समग्र व्यवस्थापनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन इकाइको हुनेछ । आयोजनाको समग्र कार्य नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित नियम कानून अनुसार गरिनेछ ।

## ५. आयोजनाको लागत तथा खर्च व्यहारिने स्रोत

यस कार्यक्रममा सहभागी हुने मौजुदा वा नयाँ खानेपानी तथा सरसफाइ आयोजनामा उपभोक्ता समुदायको सक्रिय सहभागितामा सुरक्षित, विश्वसनीय र पर्याप्त खानेपानी तथा सरसफाइका सुविधा विस्तार गर्नेतर्फ आवश्यक तयारी गर्ने, तदनुसारको निर्माण काम पुरा गर्ने र त्यसपछिको व्यवस्थापन, नियमित मर्मत सम्भार तथा संचालन गर्ने सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

- मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र वा सेवास्तर बृद्धि वा क्रमागत वा नयाँ आयोजनाको निर्माण कार्यमा उपभोक्ता समितिले कुल लागतको कम्तीमा ४० प्रतिशत र नेपाल सरकारले ६० प्रतिशत पूँजीगत लगानी गर्नेछन् । उपभोक्ता समितिले लगानी गर्ने ४० प्रतिशत मध्य कम्तीमा पनि १० प्रतिशत लगानी नगदमै हुनुपर्नेछ र बाँकी लगानी श्रम वा जिन्सीमा गर्न सकिनेछ ।
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले तोकेको खानेपानीको गुणस्तर कायम गर्न पारम्परीक प्रशोधन (conventional treatment) विधि अपर्याप्त भै खानेपानीको विशेष (extended) प्रशोधन गर्नुपर्ने कार्य, प्रणाली संचालनमा जटिल एवं विशेष प्रविधि प्रयोग गरी गर्नुपर्ने कार्य, आयोजनास्तरको पानी परीक्षण प्रयोगशाला स्थापना गर्ने कार्य र मुख्य प्रसारण पाइपलाइन (Transmission Main) २० किलोमिटर भन्दा बढी भएको अवस्थामा त्यस्तो प्रसारण प्रणाली निर्माण कार्यमा उपभोक्ता समितिले कुल लागतको २० प्रतिशत र नेपाल सरकारले ८० प्रतिशत पूँजीगत लगानी गर्नेछन् । उपभोक्ता समितिले बेहोर्ने २० प्रतिशत लगानीमा कम्तीमा पनि १० प्रतिशत लगानी नगदमै हुनुपर्नेछ ।
- सार्वजनिक शौचालय, स्यानीटरी ढल, सतह ढल, ठोस तथा तरल रूपमा रहेको फोहरमैलाको व्यवस्थापन र वातावरण सुधार कार्यमा कुल लागतको २० प्रतिशत उपभोक्ता समिति र स्थानीय निकाय (गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति) ले बेहोर्नु पर्नेछ । यस २० प्रतिशत मध्य कम्तीमा पनि १० प्रतिशत लगानी नगदमै हुनुपर्नेछ ।
- खानेपानी सुरक्षा योजना, खानेपानी तथा सरसफाइ सम्वन्धी जनचेतना अभिबृद्धि र क्षमता अभिबृद्धि जस्ता कार्यक्रममा उपभोक्ता समितिले कुल लागतको कम्तीमा १० प्रतिशत लगानी नगदमै बेहोर्नु पर्नेछ ।
- निजी चर्पी निर्माणमा जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति (DWASHCC) ले तोके वमोजिमको अनुदान मात्र दिइनेछ । यसको लागि छुट्टै थप अनुदान दिइने छैन ।
- उपभोक्ता समिति/स्थानीय निकायले बेहोर्नु पर्ने नगद लगानी एकै आर्थिक वर्षभित्र सम्पन्न हुने आयोजनाको हकमा आयोजना स्वीकृत भै कार्यान्वयन शुरू हुनु अगाडी नै शत प्रतिशत र आयोजना सम्पन्न गर्न एक आर्थिक वर्ष भन्दा बढी लाग्ने आयोजनाको हकमा ५० प्रतिशत रकम आयोजना स्वीकृत भै कार्यान्वयन शुरू हुनु अगाडी र बाँकी ५० प्रतिशत रकम आयोजनाको सम्पूर्ण कार्य मध्य ५० प्रतिशत कार्य सम्पन्न भएपछि वा दोस्रो वर्षको काम शुरू गर्नु अगाडी मध्य जुन पहिलो हुन्छ त्यस समयमा आयोजना कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्नेछ ।
- उपभोक्ता समिति/स्थानीय निकायले अनिवार्य बेहोर्नु पर्ने नगद लगानी वाहेकको बाँकी लगानी श्रम वा जिन्सीवाट उपलब्ध हुन नसकेमा नपुग हुने लगानी नगदमै गर्नुपर्नेछ । यसरी थप गर्नुपर्ने नगद रकम उपभोक्ता समितिले आयोजना कार्यान्वयन शुरू हुनु अगाडी

नै आयोजना कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्नेछ वा कम्तीमा 'ख' वर्गको मान्यता प्राप्त वित्तिय संस्थाको प्रतिबद्धता-पत्र आयोजना कार्यालयमा पेश गर्नुपर्नेछ ।

- नगद संकलनको लागि उपभोक्ता समितिले नेपाल सरकारको प्रचलित कानून अनुसार Equity Bond वा शेयर जारी गर्न सक्नेछन् ।
- कार्यक्रम व्यवस्थापन इकाइ, आयोजना कार्यालयहरूको खर्च नेपाल सरकारले व्यहोर्ने छ ।

## ६. सहलगानी कार्यक्रम कार्यान्वयन प्रक्रिया

सहलगानी कार्यक्रमवाट संचालन गरिने आयोजनाको कार्यलाई आयोजना तर्जुमा तथा छनौट, निर्माण र नियमित मर्मत सम्भार तथा संचालन गरी ३ चरणमा विभाजन गरी कार्यान्वयन गरिनेछ । प्रत्येक चरण अन्तर्गत गरिने क्रियाकलापहरूका वारेमा तल वर्णन गरिएको छ । समानान्तर रूपमा संचालन गर्नुपर्ने प्रकृत्तिका क्रियाकलापहरू वाहेक कार्यप्रक्रियामा उल्लेख गरिएका चरणवद्ध क्रियाकलापहरू सम्वन्धित चरणमै सम्पन्न नभई अर्को शुरू गरिने छैन । तर कुनै चरणका क्रियाकलापहरू तोकिएको समय अवधि भन्दा अगाडी नै निर्धारित स्तर अनुसार नै सम्पन्न भएमा यसरी सम्पन्न भएको मितिलाई उक्त चरण सम्पन्न भएको मिति मानी तत् पश्चात तुरून्तै अर्को चरणको क्रियाकलाप शुरू गर्न सकिने छ ।

सहलगानी कार्यक्रमले उपभोक्ताको चाहना अनुरूप छिटो भन्दा छिटो गुणस्तरयुक्त र दिगो प्रतिफल दिने उद्देश्य बोकेकोले यसको कार्यान्वयनमा संलग्न सवै सरोकार पक्ष - उपभोक्ता समिति/ समुदाय/निकाय/संघ/संस्था/परामर्शदाता/व्यक्तिहरूले आपसी समझदारी र समन्वयका आधारमा आ-आफ्नो तर्फवाट पुर्‍याउनुपर्ने सेवा उचित ढंगले तोकिएको समयमा उपलव्ध गराई निर्दिष्ट लक्ष्य हासिल गर्न कटिवद्ध रहनेछन् भन्ने अपेक्षा गरिएको छ ।

### ६.१ पहिलो चरण : आयोजना तर्जुमा तथा छनौट

६.१.१ सहलगानी गरी खानेपानी तथा सरसफाइको सेवा क्षेत्र वा सेवास्तर बृद्धि गर्न वा नयाँ आयोजना निर्माण गरी सेवाक्षेत्र विस्तार गर्न चाहने उपभोक्ता समुदायका वैधानिक खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले सम्वन्धित आयोजना कार्यालयवाट निर्धारित आवेदन फारम उपलव्ध गरी रितपूर्वक भरेर सोही कार्यालयमा पेश गर्नुपर्नेछ । यस प्रयोजनको लागि निर्धारित आवेदन फारम *अनुसूची २* मा संलग्न गरिएको छ । आवेदन दिन चाहने खानेपानी उपभोक्ता तथा सरसफाइ समिति विधिवत रूपमा जलस्रोत ऐन २०४९ तथा खानेपानी नियमावली २०५५ अन्तर्गत जिल्ला जलस्रोत समितिमा दर्ता भएको हुनुपर्नेछ । आयोजना मागको आवेदन फारमको साथमा उपभोक्ता समितिले जिल्ला जलस्रोत समितिमा दर्ता भएको प्रमाणपत्र, समिति/संस्थाको विधान र पछिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी पेश गर्नुपर्नेछ ।

६.१.२ आवेदन फारममा उपभोक्ता समितिले निर्माण गर्न चाहेको संरचना तथा अन्य कार्यहरूको विवरण, कूल लागतमा उपभोक्ता समितिले बहन गर्ने खर्चको अनुपात स्पष्ट रूपमा उल्लेख गरी आयोजनाका शर्तहरू मान्ने प्रतिबद्धता जनाएको हुनुपर्नेछ । सेवास्तर बृद्धि वा सेवाक्षेत्र विस्तारको लागि उपभोक्ता समितिले रितपूर्वक भरेको आवेदन फाराममा उल्लिखित विवरण ठिक छ छैन, उपभोक्ताहरूको माग वास्तविक आवश्यकता हो होइन, गा.वि.स./नगरपालिकाको प्राथमिकता भित्र पर्छ पर्दैन, जिल्ला विकास योजनाको प्राथमिकता भित्र पर्छ पर्दैन आदि जाँच गरी जिल्ला विकास समितिले आयोजना कार्यान्वयनको लागि सिफारिश गरेको हुनुपर्नेछ ।

६.१.३ उपभोक्ता समिति र स्थानीय निकायले संयुक्त रूपमा सहलगानी गरी सार्वजनिक शौचालय, स्यानीटरी ढल, सतह ढल र ठोस तथा तरल रूपमा रहेको फोहरमैलाको

व्यवस्थापन गर्ने जस्ता कार्य गर्न चाहेको अवस्थामा आवेदन फारममा सम्वन्धित गा.वि.स./नगरपालिका/जि.वि.स. ले सहमती जनाई कबोल गरेको अनुपातको रकम निर्धारित समयमा नै उपलव्ध गराउने प्रतिबद्धता समेत जाहेर गरेको हुनुपर्नेछ । आवेदन फाराममा उल्लिखित विवरण ठिक छ छैन जाँच गरी जिल्ला विकास समितिले कार्यान्वयनको सिफारिश गरेको हुनुपर्नेछ ।

६.१.४ आयोजनाको माग सहित प्राप्त आवेदन मनासिव र उपयुक्त देखिएमा आयोजना कार्यालयले आवेदन फारममा उल्लिखित विवरण यकिन (verification) गर्नेछ र मनासिव देखिएमा इकाइ कार्यालयको स्वीकृती लिई वस्तुस्थितिको स्थलगत अध्ययन अवलोकन गरी संभाव्य विकल्प र अनुमानित लागत सहितको संभाव्यता अध्ययन प्रतिवेदन तयार गर्नेछ । उपभोक्ता समितिले माग गरेको आयोजनाको यस पूर्व नै संभाव्यता/विस्तृत अध्ययन भइसकेको अवस्थामा भने पूनः संभाव्यता अध्ययन गर्नुपर्दैन, पहिलेको प्रतिवेदन अद्यावधिक मात्र गरे पुग्छ । आयोजना कार्यालयले संभाव्यता अध्ययन प्रतिवेदन छलफलको लागि उपभोक्ता समिति र स्थानीय निकाय संलग्न हुनुपर्ने अवस्थामा सम्वन्धित स्थानीय निकायलाई समेत उपलव्ध गराउनेछ । उपभोक्ता समिति/स्थानीय निकायले प्रतिवेदन अध्ययन गरी प्रतिवेदनमा समुदाय/समिति/ स्थानीय निकायले चाहेको सवै कार्यहरू समेटिएका छन् छैनन्, सहलगानी कार्यक्रमले निर्दिष्ट गरे अनुरूप लगानी गर्न सकिन्छ सकिदैंन, सवै कुरा विचार गरी उपभोक्ता समिति आफैले कुन कुन काम गर्ने हो र कुन कुन काममा कति नगद, श्रम वा जिन्सी लगानी गरी लागत साझेदारी गर्ने हो निर्क्योल गर्नेछन् । नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उपभोक्ता समितिले गर्न सक्ने निर्माण कार्यहरू उपभोक्ता समितिले चाहेमा आफैले गर्न सक्नेछन् । उपभोक्ता समिति/स्थानीय निकायले संभाव्यता अध्ययन प्रतिवेदनमा सहमती जनाइसकेपछि उपभोक्ता समिति/स्थानीय निकाय र आयोजना कार्यालय विच आयोजना कार्यान्वयन गर्न पुरा गर्नुपर्ने शर्त र वहन गर्नुपर्ने जिम्मेवारी पुरा गर्ने प्रतिबद्धता सहित प्रारम्भिक चरणको सम्झौता गरिनेछ र अग्रिम कार्यवाहीको लागि इकाइमा पठाइनेछ ।

६.१.५ आयोजना कार्यालयहरूवाट प्रारम्भिक चरणको सम्झौता सहित प्राप्त संभाव्यता अध्ययन प्रतिवेदन अनुसार प्रस्तावित आयोजना प्राविधिक, वित्तिय र आर्थिक दृष्टिकोणले संभाव्य र सहलगानीको अवधारणा अनुरूप कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा व्यवस्थापन इकाइले आयोजनाहरूको संभाव्यता अध्ययन प्रतिवेदन मूल्याङ्कन गरी पूर्व निर्धारित मापदण्ड (Priority Ranking Criteria) अनुरूप आयोजनाहरूको प्राथमिकता क्रम निर्धारण गर्नेछ र प्राथमिकता सूची तयार गर्नेछ । आयोजनाको प्राथमिकता, लागत र नेपाल सरकारवाट सहलगानी कार्यक्रमको लागि उपलव्ध हुने बजेटको अधिनमा रहेर इकाइले कार्यान्वयन गर्ने आयोजनाको छनौट गर्दछ ।

६.१.६ छनौटमा परेका आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तुत गरिएको विकल्पहरू मध्य उपयुक्त विकल्पको प्रारम्भिक डिजाइनलाई आधार मानी स्वीकृत मापदण्ड अनुसार आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान प्रतिवेदन तयार गर्ने कार्य उपभोक्ता समितिसंग समन्वय गरी इकाइ वा आयोजना कार्यालयले आफै वा परामर्शदाता मार्फत गर्न सक्नेछन् । संरचनाहरूको डिजाइन गर्दा प्राविधिक अध्ययनको आधारमा प्रभावकारी सेवा दिन सक्ने र अनावश्यक लागत पनि नबढ्ने किसिमले उपयुक्त स्थानको चयन गरी आयोजना सम्पन्न हुने वर्ष पछिको कम्तीमा पनि १५ वर्ष सम्मको माग र आवश्यकता सम्वोधन गर्न सक्ने हिसावले गर्नुपर्दछ ।

आयोजनाको विस्तृत लागत अनुमान नेपाल सरकारवाट स्वीकृत नर्मस तथा स्वीकृत जिल्ला दररेटलाई आधार मानी तयार गरिनेछ । लागत अनुमान प्रतिवेदनमा उपभोक्ता

समिति आफैले गर्ने काम र ठेक्का पट्टावाट गरिने काम छुट्ट्याउनु पर्नेछ । उपभोक्ता समिति आफैले गर्ने कामको लागतमा ठेकेदारको नाफा र मूल्य अभिबृद्धि कर जोड्नु हुँदैन । कूल लागत अनुमान तयार गर्दा खानेपानी तथा सरसफाइका संरचनाहरूको निर्माण लागतका अतिरिक्त निर्माण कार्यको नियमित सुपरिवेक्षणको लागि विज्ञ इन्जिनियर वा परामर्शदाताको सेवा आवश्यक पर्ने भए तिनको लागत, आयोजनाको कार्य प्रकृत्ति अनुरूप हाइड्रोजियोलोजिष्ट, इलेक्ट्रो-मेकानिकल आदि विशेषज्ञको सेवा आवश्यक पर्ने भए तिनको लागत, जनचेतना अभिबृद्धिको लागि संचालन गरिने कार्यक्रमको लागत, उपभोक्ता समितिका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धिको लागि संचालन गरिने तालिम आदिको लागत, विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान प्रतिवेदन तयारी गर्दाको लागतका साथसाथै आयोजनाको नियमित सुपरविक्षण कार्यको लागि आवश्यक Logistics आदिको खर्च समेत समावेश गर्नुपर्दछ । आयोजनाका प्रत्येक कार्य/संरचनामा नेपाल सरकारले बेहोर्ने रकम, उपभोक्ता समिति/स्थानीय निकायले बेहोर्ने नगद रकम र श्रम वा जिन्सी उपलव्ध गराउँदा हुने रकम छुट्टा छुट्टै प्रष्ट रुपमा देखाउनु पर्दछ र कूल लागत अनुमानमा नेपाल सरकारले बेहोर्ने लगानीको अनुपात र उपभोक्ता समितिले बेहोर्ने नगद र श्रम वा जिन्सीको अनुपात प्रष्ट गर्नुपर्नेछ । विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लगत इस्टिमेटमा उपभोक्ता समिति/स्थानीय निकायले सहमती जनाइ अनुमोदन गरेपछि आयोजना कार्यालयले विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान प्रतिवेदनप्रतिवेदन इकाइमा पेश गर्नेछन् ।

६.१.७ छनौटमा परेको आयोजनामा निर्माण गर्नुपर्ने संरचना तथा अन्य कार्यहरूको परिमाण, सम्पन्न गर्न लाग्ने समय, उपलव्ध स्रोत साधन र संभावित जोखिमहरूलाई समेत ध्यान दिई बढीमा ३ वर्षभित्र आयोजनाको सम्पूर्ण कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समिति/स्थानीय निकाय, आयोजना कार्यालय र इकाइको आपसी सहमतीमा समग्र आयोजना कार्यान्वयन कार्ययोजना तथा कार्यतालिका (e.g., Bar Chart, Line Diagram) तयार गरिनेछ । यस्तो कार्ययोजना तथा कार्यतालिकामा आयोजना निर्माण शुरू भएदेखि सम्पन्न नहुँदा सम्म गर्नुपर्ने सम्पूर्ण कार्यहरूलाई वार्षिक एवं मासिक रूपमा विभाजन गरी कुन काम कुन प्रक्रियावाट कहिले गर्ने हो प्रष्ट गरिएको हुनुपर्दछ । यसै कार्ययोजना तथा कार्यतालिकालाई आधार मानी आयोजनाको प्रगति अनुगमन गरिनेछ ।

६.१.८ इकाइवाट आयोजना कार्यान्वयन कार्ययोजना तथा कार्यतालिका सहित आयोजना स्वीकृतीको जानकारी प्राप्त गरेको एक महिना भित्र तोकिएको प्रावधान अनुरूप उपभोक्ता समितिले बेहोर्नुपर्ने नगद रकम आयोजना कार्यालयले तोकेको खातामा जम्मा गरी आयोजना कार्यान्वयनको सम्झौता गर्नुपर्दछ । निर्दिष्ट एक महिनाभित्र उपभोक्ता समिति/स्थानीय निकायले जम्मा गर्नुपर्ने रकम जम्मा नगरी सम्झौता हुन नसकेमा उक्त आयोजना कार्यान्वयनको स्वीकृती रद्द गर्न सकिनेछ र त्यस आयोजनामा विनियोजित रकम प्राथमिकता सूचीमा रहेको अर्को आयोजना कार्यान्वयनको लागि विनियोजन गर्न सकिनेछ । एकपल्ट कार्यान्वयन स्वीकृती रद्द गरिएका आयोजनाले पून: छनौट हुन अन्तिम छनौटको सूचीमा रहेका आयोजनाहरूसंग पून: प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।

## ६.२ दोस्रो चरण : आयोजना निर्माण

६.२.१ आयोजना कार्यान्वयनको सम्झौता भइसकेपछि आयोजना निर्माण चरणमा प्रवेश गर्दछ । आयोजना निर्धारित समयभित्र सम्पन्न गर्न र गुणस्तरीय कार्यान्वयन एवं नियमित सुपरिवेक्षणको लागि सम्वन्धित आयोजना कार्यालयका प्रमुख वाहेक आयोजना कार्यालयमा कार्यरत वा विभागको वहालवाला अन्य इन्जिनियरलाई खटाइनेछ ।

विभागीय रूपमा यस्तो छुट्टै इन्जिनियरको व्यवस्था हुन नसक्ने अवस्थामा निर्धारित कार्य गर्न गराउनको लागि एक स्वतन्त्र विज्ञ इन्जिनियर वा परामर्शदाता करारमा नियुक्ति गर्न सकिनेछ । करारमा नियुक्त गरिने इन्जिनियर वा परामर्शदाता को छनौट एवं नियुक्ति उपभोक्ता समितिको सहमतीमा आयोजना कार्यालयले गर्नेछ । सुपरिवेक्षण इन्जिनियरको रूपमा कार्य गर्ने इन्जिनियर वा परामर्शदाताले आयोजना कार्यालयका प्रमुखको निर्देशनमा रही कार्य गर्नेछन् ।

६.२.२ आयोजनाको प्रभावकारी कार्यान्वयन एवं निर्णय प्रकृयामा सहजता ल्याउन आयोजना कार्यालय प्रमुखको अध्यक्षतामा उपभोक्ता समितिको अध्यक्ष र सुपरिवेक्षण इन्जिनियर सहितको ३ सदस्यीय निर्माण समितिको गठन गरिनेछ । सुपरिवेक्षण इन्जिनियरले समितिको सदस्य सचिवको रूपमा कार्य गर्नेछन् । कार्यान्वयन सम्वन्धमा गर्नुपर्ने निर्णयहरू निर्माण समितिको आपसी सहमतीमा हुनेछ । समितिमा कुनै विषयमा निर्णय हुन नसकेको अवस्थामा कार्यक्रम व्यवस्थापन इकाइसंग परामर्श गरी आयोजना कार्यालय प्रमुखले आवश्यक निर्णय गर्नेछन् ।

६.२.३ निर्माणको काम शुरू भएपछि उपभोक्ता समितिले कार्यान्वयन सम्झौतामा कबोल गरे अनुसारको श्रम र जिन्सी निर्धारित कार्ययोजना अनुरूप समयमै जुटाउने र परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

६.२.४ संरचना निर्माणका लागि डिजाइन अनुरूप आवश्यक ठाउँमा चाहिने प्राविधिक दृष्टिकोणले उपयुक्त जग्गाको बन्दोवस्त उपभोक्ता समितिले गर्नुपर्दछ । आवश्यक जग्गा उपभोक्ता समितिले आफुले बेहोर्ने नगद लगानीवाट खरिद गर्न सक्नेछन् । त्यसरी खरिद गरिएको जग्गाको स्वामित्व उपभोक्ता समितिको नाममा रजिष्ट्रेशन भएको हुनुपर्नेछ र जग्गाको मूल्य नेपाल सरकारको प्रचलित नियमभित्र रही आधिकारिक निकायवाट पारित भएको हुनुपर्नेछ । जग्गा, पानीको मुहान र आयोजना सम्वन्धित अन्य स्थानीय समस्या एवं विवादहरू समाधान गर्ने जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

६.२.५ आयोजनाको निर्माण कार्य निर्धारित कार्ययोजना एवं कार्यतालिका र स्वीकृत कार्यक्रम अनुरूप क्रमबद्ध एवं निरन्तर रूपमा संचालन गर्नुपर्दछ । उपभोक्ता समितिले उपलव्ध गराउनुपर्ने श्रम वा जिन्सी समयमा उपलव्ध नगराएमा वा उपभोक्ता समिति आफैले गर्नुपर्ने काम आलटाल गरी समयमै नगरेमा त्यसपछिका बाँकी कार्यमा नेपाल सरकारवाट गरिने लगानी रोक्का गरिनेछ र उपलव्ध गराउनु पर्ने श्रम वा जिन्सी उपलव्ध गराउन वा बाँकी काम सम्पन्न गर्न गराउन उपभोक्ता समितिलाई निश्चित समय दिइनेछ । यसरी दिइएको समय अवधिभित्र पनि उपभोक्ता समितिले गर्नुपर्ने काम नगरेमा आयोजना पूर्ण रूपमा रद्द गर्न सकिनेछ ।

६.२.६ खानेपानी आयोजनावाट वितरण गरिने खानेपानीको गुणस्तर कायम गर्न विशेष प्राथमिकता दिनुपर्दछ । आयोजना कार्यान्वयन संगसंगै खानेपानी सुरक्षा योजना (Water Safety Plan) लागु गर्नुपर्दछ ।

६.२.७ पूर्ण सरसफाइ तर्फको प्रस्थान विन्दुको रूपमा आयोजना क्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र बनाउन प्रत्येक घरमा शौचालय निर्माणका साथसाथै त्यस्को सही प्रयोग गर्ने बानी बसाल्न सरसफाइ सम्वन्धी जनचेतना अभिबृद्धि कार्यक्रमलाई आयोजनासंग आबध्द गरी कार्यान्वयन गर्नुपर्दछ । जनचेतना अभिबृद्धि सम्वन्धीत कार्यहरू स्थानीय गैर सरकारी/सामुदायीक संस्था मार्फत संचालन गर्न सकिनेछ ।

६.२.८ उपभोक्ता समितिलाई आयोजनाको संचालन एवं मर्मत सम्भार कार्यमा सक्षम बनाउन आयोजना कार्यान्वयन संगसंगै उपभोक्ता समितिका पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिबृद्धिको लागि आवश्यक पर्ने तालिम कार्यक्रमहरू संचालन गरिनेछ । आयोजनालाई व्यावसायिक ढंगले संचालन गर्न उपभोक्ता समितिले व्यावसायिक कार्ययोजना (Business Plan) तयार गर्नेछ । उपभोक्ता संस्थाको सुदृढीकरण, समितिका पदाधिकारी एवं कर्मचारीहरूको क्षमता अभिबृद्धि कार्यक्रम, व्यावसायिक कार्ययोजना तयारी जस्ता कार्यहरू आयोजनाको कूल लागत अनुमान तयार गर्नु अगाडी नै उपभोक्ता समितिसंग सहकार्य गरी पहिचान गरिनेछ ।

६.२.९ आयोजना कार्यान्वयनको क्रममा उचित कारणले पूर्व स्वीकृत लागत अनुमान भित्र आयोजनाका कार्यहरू सम्पन्न हुन नसकेमा वा कूल लागत अनुमानमा समाविष्ट फिजिकल कन्टिन्जेन्सीज वापतको १० प्रतिशत र मूल्य समायोजन कन्टिन्जेन्सीज वापतको १० प्रतिशत रकमवाट स्वीकृत लागत अनुमान भन्दा बढेको कार्य वा बढेको लागत वा दुवै नै समायोजन गर्न नसकिने अवस्थामा आयोजनाको कूल लागत अनुमान प्रतिवेदननै रिभाइज गरी स्वीकृत गराउनुपर्ने हुन्छ । लागत अनुमान रिभाइज गर्दा पूर्व स्वीकृत लागत अनुमान भन्दा बढेको लागत पनि नेपाल सरकार, उपभोक्ता समिति/स्थानीय निकायले पूर्व निर्धारित अनुपात अनुसार नै बेहोर्नेछन् ।

६.२.१० आयोजना सम्पन्न हुँदा कूल लागत अनुमान भन्दा कम लागतमा सम्पन्न भएमा वा कूल लागत अनुमानमा समाविष्ट फिजिकल कन्टिन्जेन्सीज वापतको १० प्रतिशत र मूल्य समायोजन कन्टिन्जेन्सीज वापतको १० प्रतिशत रकम खर्च नभै आयोजना सम्पन्न भएमा उपभोक्ता समिति/स्थानीय निकायले आयोजना कार्यान्वयन पूर्व जम्मा गरेको नगदवाट खर्च नभएको रकम उपभोक्ता समितिको खातामा जम्मा गरिनेछ । तर, यस वा कुनै पनि अवस्थामा आयोजना सम्पन्न हुँदा खर्च भएको कूल रकममा उपभोक्ता समिति/स्थानीय निकायवाट गरिएको खर्चको अनुपात कवोल गरेको अनुपात भन्दा कम भने हुनुहुँदैन ।

६.२.११ आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भएपछि सुपरिवेक्षण इन्जिनियरले आयोजना सम्पन्न प्रतिवेदन तयार गर्नेछन् । निर्माण चरणमा निर्माण गरिएको कुनै पनि संरचनाको निर्माण पश्चात छुट्टै व्यवस्था भएको अवस्थामा वाहेक नियमित रेखदेख, संचालन एवं मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ । आयोजना सम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समिति/स्थानीय निकायका प्रमुख वा प्रतिनिधि र आयोजना कार्यालयका प्रमुखले सम्पन्न कार्यको लेखाजोखा गरी आयोजना जाँच पास गर्नेछन् ।

## ६.३ तेस्रो चरण : नियमित मर्मत सम्भार तथा संचालन

६.३.१ आयोजना सम्पन्न भएपछि प्रणालीको समग्र व्यवस्थापन तथा संचालनको जिम्मेवारी उपभोक्ता समितिको हुनेछ । उपभोक्ता समितिले आफ्नै स्रोत र साधन परिचालन गरी प्रणालीमा निर्मित संरचनाहरूको नियमित मर्मत सम्भार गरेर उपभोक्तालाई दिगो, भरपर्दो एवं विश्वसनीय खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउने छन् ।

६.३.२ उपभोक्ता समितिले आयोजनाको व्यवस्थापन, संचालन एवं मर्मत सम्भारमा लाग्ने खर्च सेवा उपयोगकर्तावाट असुल्न उपयुक्त खानेपानी तथा सरसफाइ महसूल निर्धारण गर्नेछन् । महसूल निर्धारण गर्दा प्रणाली विकास र विस्तारका लागि आवश्यक रकम पनि जगेर्ना गर्दै जाने हिसावले निर्धारण गर्नुपर्दछ ।

६.३.३ समन्यायिक हिसावले गरिव तथा पछाडी परेका समुदायका उपभोक्ताहरूलाई पनि खानेपानी तथा सरसफाइको सेवा तथा सुविधा अरू उपभोक्ता सरह उपलव्ध गराउनु

उपभोक्ता समितिको दायित्व हो । त्यस्ता वर्ग र तहका उपभोक्ताहरूलाई सरल एवं सहज ढंगले सेवा तथा सुविधा उपलब्ध गराउन उपभोक्ता समितिले आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

६.३.४ आयोजनाको संचालन अवस्था र प्राविधिक तथा वित्तिय पक्ष सम्वन्धमा उपभोक्ता समितिले नियमित बैठक बसी समीक्षा गर्नुपर्दछ र सवल पक्षलाई अझ प्रभावकारी बनाउन र कमी कमजोरी देखिएमा तत्काल समाधान गर्न प्रयास गर्नुपर्दछ ।

६.३.५ सेवा संचालनको क्रममा आयोजनाका संरचनाहरुमा मूलभूत परिवर्तन गर्न आवश्यक देखिएमा उपभोक्ता समितिले खानेपानी तथा ढल निकास विभागको पूर्व सहमती लिनुपर्नेछ । आयोजनाको चल अचल कुनै पनि सम्पत्ति नेपाल सरकारको पूर्व स्वीकृती विना भाडा वा लिजमा दिन वा बेचबिखन गर्न पाइने छैन ।

६.३.६ उपभोक्ता समितिले खानेपानी तथा ढल निकास विभागको राष्ट्रिय सूचना व्यवस्थापन शाखाले तोकेको ढाँचामा प्रत्येक वर्ष आयोजना सम्वन्धी सूचना संप्रेषण गरी आयोजनालाई राष्ट्रिय सूचना संजालमा अद्यावधिक गरी राख्नुपर्दछ । सूचनाको प्रमाणीकरण DWASHCC ले गर्नेछ ।

६.३.७ आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण पश्चात पनि खानेपानी तथा ढल निकास विभागले आयोजना नियमनको कार्यहरू गर्नेछ । आयोजना संचालन कार्यमा खानेपानी तथा ढल निकास विभागको निर्देशन एवं निर्णय मान्न उपभोक्ता समिति वाध्यकारी हुनेछ । जिल्लास्थित खानेपानी तथा सरसफाइ कार्यालयहरूले आयोजनाको नियमित अनुगमन गर्ने र संचालन तथा व्यवस्थापन सम्वन्धमा उपभोक्ता समितिलाई परामर्श दिने र प्राविधिक टेवा उपलब्ध गराउने कार्यहरू गनेछन् ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सहलगानी कार्यक्रमवाट संचालन गरिने आयोजनाको तर्जुमा, छनौट, कार्यान्वयन तथा संचालनका प्रत्येक प्रक्रियामा आयोजना क्षेत्रका आदिवासी, जनजाती, महिला, दलित, मधेशी, अपाङ्ग लगायत सबै तह र क्षेत्रका जनताले समान पहुँच, सेवा, सुविधा र अवसरहरू पाउनु पर्दछ । खानेपानी तथा सरसफाइ महिलाहरूको लागि विशेष सरोकारको विषय भएकोले खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा कम्तीमा तीनजना महिलाको प्रतिनिधित्व रहने नीतिगत व्यवस्था रहेको छ । समितिका महिला पदाधिकारीहरूलाई आफ्नो पदीय दायित्व प्रति बढी सजग र सचेत गराई जिम्मेवारी निर्वाह गर्न सक्षम तुल्याउन समितिले आवश्यक वातावरणको श्रृजना गर्नुपर्दछ ।

उपभोक्ता समितिले आयोजना क्षेत्रका सबै वर्ग, जाती तथा जनजातीका महिला र पुरूषलाई समान दृष्टिकोणले आयोजनाका प्रत्येक क्रियाकलापहरूमा भाग लिने अवसर प्रदान गर्नुपर्दछ । आयोजना निर्माणको लागि कति रकम बेहोर्ने, मासिक पानी महसूल कति उठाउने, श्रमदान कति र कसरी जुटाउने आदि विषयको छलफलमा महिला सहभागिता अनिवार्य गराइ नियमित प्रक्रियामा समेत उनीहरूको राय लिन उपभोक्ता समिति सजग रहनु पर्दछ ।

## ८. अनुगमन तथा मूल्याङ्कन

संरचनाहरूको निर्माण कार्य स्वीकृत/निर्धारित मापदण्ड तथा स्पेसिफिकेशन अनुसार गुणस्तर कायम गर्ने गरी गर्नुपर्दछ र निर्मित संरचनाहरूको स्वरूप र सुन्दरता (aesthetic view/outlook) तर्फ पनि विशेष ध्यान दिनुपर्दछ । उपभोक्ता समिति, सुपरिवेक्षण इन्जिनियर र आयोजना प्रमुखले निर्माण सामाग्री एवं निर्मित संरचनाहरूको गुणस्तर नियमित निरिक्षण एवं अनुगमन गर्नेछन् । उपभोक्ता समिति आफैले निर्माण गर्ने कार्यहरूमा समेत समितिको नियमित निरिक्षण एवं अनुगमन

आवश्यक पर्ने भएकोले निर्माण कार्य संचालन गर्न समितिको कुनै एक सदस्यको संयोजकत्वमा दुइजना उपभोक्ता सहितको निर्माण उपसमिति बनाउनु पर्नेछ । त्यस्तो निर्माण उपसमितिले सुपरिवेक्षण इन्जिनियर र आयोजना प्रमुखको निर्देशनमा रही कार्य गर्नेछन् ।


उपभोक्ता समिति, सुपरिवेक्षण इन्जिनियर र आयोजना प्रमुखका अतिरिक्त जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति, क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, कार्यक्रम व्यवस्थापन इकाइ र खानेपानी तथा ढल निकास विभागले आवधिक अनुगमन एवं मूल्याङ्कन कार्यहरू गर्नेछन् । यसका लागि कसले, कुन कुन पक्षको र कहिले अनुगमन र मूल्याङ्कन गर्नुपर्ने हो उपभोक्ता समिति र आयोजना कार्यालयसंग छलफल गरी कार्ययोजना बनाउनु पर्दछ ।

## ९. खानेपानी तथा ढल निकास विभागको भूमिका

खानेपानी तथा ढल निकास विभागले सहलगानी कार्यक्रम अन्तर्गत कार्यान्वयन गरिने आयोजनाहरूको वार्षिक बजेट तयार गरी पेश गर्ने, निर्धारित आयोजना कार्यान्वन तालिका अनुरूप कार्य सम्पन्न गर्न चाहिने आवश्यक बजेट सुनिश्चित गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत गराउने र खर्चको अनुगमन गर्ने, प्रगति अनुगमन गर्ने, आवश्यक निर्देशन दिने र केन्द्रीय तहमा समन्वय गर्ने कार्यहरू गर्दछ । आयोजना सम्पन्न भए पश्चात विभागले प्राविधिक टेवा उपलव्ध गराउने र आयोजनाको अनुगमन तथा नियमनको कार्यहरू गर्नेछ ।

*अनुसूची -१*

# खानेपानी तथा सरसफाइ - सहलगानी आयोजना कार्य प्रक्रिया



अनुसूची -२

# नेपाल सरकार र खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/स्थानीय निकायको सहलगानीमा कार्यान्वयन गरिने खानेपानी तथा सरसफाइ आयोजना

# आवेदन फारम

## १. आयोजनाको परिचय

१.१. आयोजनाको नाम : ......................................................................................

१.२. आयोजना स्थल : गा.वि.स./नगरपालिका : ...............................................

जिल्ला : ....................................

१.३. आयोजनाको किसिम : संचालनमा रहेको मौजुदा आयोजना ☐ नयाँ ☐

## २. संचालनमा रहेको मौजुदा आयोजनाको विवरण

२.१. हालको खानेपानी आपूर्ति तथा सरसफाइको अवस्था

क) खानेपानी सेवा वितरण क्षेत्र तथा जनसंख्याको विवरण :

| वडा नं. | खानेपानी सेवा उपलब्ध गराइएको टोल/बस्ती/गाउँ/नगरहरूको नाम | घरधुरी संख्या | हालको जनसंख्या | वितरित धारा संख्या | | पक्की चर्पी भएको घर संख्या |
|---|---|---|---|---|---|---|
| | | | | निजी धारा | सार्वजनिक धारा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | **जम्मा** | | | | | |

ख) खानेपानी आपूर्तिको अवस्था : पर्याप्त ☐ सन्तोषजनक ☐ अपर्याप्त ☐

ग) वितरित खानेपानीको गुणस्तर : राम्रो ☐ सन्तोषजनक ☐ निम्नस्तर ☐

घ) खानेपानी वितरणको समय : निरन्तर २४ घण्टा ☐ सरदर दिनको ....... घण्टा ☐

ङ) खानेपानी महसूल : प्रति महिना सरदर रु. .......... प्रति युनिट वा सरदर रु. .......... प्रति धारा

च) संकलित महसूल मर्मत सम्भार संचालनको लागि : पर्याप्त छ ☐ पर्याप्त छैन ☐ बचत हुन्छ ☐

२.२. मौजुदा खानेपानी तथा सरसफाइ प्रणालीमा भएका संरचनाहरूको विवरण

क) संरचनाहरूको विवरण :

| क.सं. | मौजुदा संरचनाको किसिम (विवरण) | युनिट (इकाई) | युनिट संख्या/ परिमाण | युनिटको क्षमता | हालको अवस्था* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

** राम्रो/साधारण मर्मत गर्नुपर्ने/जीर्ण (पूनः निर्माण गर्नुपर्ने)*

ख) हाल प्रयोगमा रहेको खानेपानीको स्रोतको नाम र किसिम : ............................ .............
............................ .............
............................ .............
............................ .............

ग) स्रोत(हरू)वाट उपलव्ध पानीको परिमाण : यथेष्ट ☐ ठिक्क ☐ ज्यादै कम ☐

घ) स्रोतमा पानीको गुणस्तर : सँधै सफा ☐ वर्षामा धमिलो ☐ सँधै धमिलो ☐

ङ) स्रोतको विश्वसनियता : वर्षैभरीलाई पर्याप्त पुग्ने ☐ गर्मी मौसममा अपर्याप्त ☐

च) आयोजना क्षेत्रमा सार्वजनिक शौचालयको संख्या : .............

## ३. सहलगानीमा कार्यान्वयन गर्न प्रस्तावित आयोजनाको विवरण

३.१. सहलगानीमा कार्यान्वयन गर्न प्रस्तावित आयोजनाको किसिम :

☐ मौजुदा आयोजनामा खानेपानीका संरचनाहरू सुधार/थप गरी सेवा सुधार एवं स्तरोन्नती

☐ मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र विस्तार

☐ मौजुदा आयोजनामा सार्वजनिक सरसफाइका संरचनाहरूको निर्माण

☐ नयाँ खानेपानी तथा सरसफाइ आयोजना

☐ सार्वजनिक सरसफाइ आयोजना

## ३.२. खानेपानीको सेवास्तर अभिबृद्धि वा सेवा क्षेत्र विस्तारका लागि प्रस्तावित संरचनाहरू

क) निर्माण गर्नुपर्ने संरचनाहरूको विवरण :

| क.सं. | संरचनाको किसिम | सेवास्तर अभिबृद्धिको लागि मौजुदा आयोजनामा सुधार वा थप नयाँ निर्माण गर्नुपर्ने | | | सेवा क्षेत्र विस्तारको लागि मौजुदा वा नयाँ आयोजनामा निर्माण गर्नुपर्ने | | |
|---|---|---|---|---|---|---|---|
| | | युनिट (इकाई) | परिमाण | युनिट क्षमता | युनिट (इकाई) | परिमाण | युनिट क्षमता |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ख) खानेपानीको स्रोत सम्वन्धी विवरण :

- मौजुदा आयोजनामा खानेपानीको मौजुदा स्रोत(हरू) : पर्याप्त छ ☐ पर्याप्त छैन ☐
- मौजुदा आयोजनामा थप गर्नुपर्ने खानेपानीका स्रोत(हरू) :

| स्रोतको नाम | किसिम | स्रोतको क्षमता |
|---|---|---|
| १. ................................... | ................. | .......... लि/सेकण्ड |
| २. ................................... | ................. | .......... लि/सेकण्ड |
| ३. ................................... | ................. | .......... लि/सेकण्ड |

- नयाँ आयोजनामा सम्भावित खानेपानीको स्रोत(हरू)

| स्रोतको नाम | किसिम | स्रोतको क्षमता |
|---|---|---|
| १. ................................... | ................. | .......... लि/सेकण्ड |
| २. ................................... | ................. | .......... लि/सेकण्ड |
| ३. ................................... | ................. | .......... लि/सेकण्ड |

ग) सेवास्तर अभिबृद्धि वा सेवा क्षेत्र विस्तारवाट लाभान्वित हुने जनसंख्याको विवरण :

| वडा नं. | आयोजना सम्पन्न भए पश्चात खानेपानी सेवा पाउने टोल/बस्ती/गाउँ/नगरहरूको नाम | सेवास्तर अभिबृद्धिवाट लाभान्वित हुने | | सेवाक्षेत्र विस्तार वा नयाँ आयोजना निर्माणवाट थप लाभान्वित हुने | |
|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | जनसंख्या | घरधुरी संख्या | जनसंख्या |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | **जम्मा** | | | | |

*द्रष्टव्य: आयोजना निर्माण अवधिमा आयोजना क्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गरिने भएकोले शत प्रतिशत घरमा शौचालय भएको हुनेछ ।*

३.३. सार्वजनिक सरसफाइका संरचनाहरू

क) प्रस्तावित संरचनाको किसिम : सार्वजनिक शौचालय ☐ स्यानिटरी ढल ☐

सतह ढल निकास ☐ फोहरमैला व्यवस्थापन ☐

ख) लाभान्वित हुने : घरधुरी संख्या............ जनसंख्या ...............

ग) निर्माण गर्न प्रस्तावित संरचनाहरूको विवरण :

| क्र.सं. | संरचनाको किसिम | युनिट (इकाई) | परिमाण | युनिट क्षमता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३.४. जनचेतना तथा क्षमता अभिबृद्धि कार्यक्रम

| क्र.सं. | तालिम/कार्यक्रमको विवरण | युनिट (इकाई) | परिमाण | जम्मा सहभागी संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ४. प्रस्तावित आयोजनामा बेहोर्ने लगानीको अनुपात

| क्र.सं. | प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | आयोजनाको कूल लागतमा | | | |
|---|---|---|---|---|---|
| | | उपभोक्ता समितिले बेहोर्ने लागतको अनुपात (प्रतिशत) | | स्थानीय निकायले बेहोर्ने लागतको अनुपात (प्रतिशत) | नेपाल सरकारले बेहोर्ने लागतको अनुपात (प्रतिशत) |
| | | नगद | श्रम/निन्सी | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ५. वर्तमान खानेपानी उपभोक्ता तथा सरसफाइ समिति सम्वन्धी जानकारी

क) खानेपानी उपभोक्ता समितिको कार्यालयको : फोन नं. ...................... फ्याक्स नं. .......................

ख) समितिका पदाधिकारीहरूको विवरण :

| क्र.सं. | पद | पदाधिकारीको नाम | सम्पर्क मोबाइल/फोन नं. |
|---|---|---|---|
| १ | अध्यक्ष | | |
| २ | उपाध्यक्ष | | |
| ३ | सचिव | | |
| ४ | कोषाध्यक्ष | | |
| ५ | सदस्य | | |
| ६ | सदस्य | | |
| ७ | सदस्य | | |
| ८ | सदस्य | | |
| ९ | सदस्य | | |

ग) खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा कार्यरत कर्मचारी संख्या : .............. जना

प्रस्तावित आयोजना उपभोक्ता समुदायको वास्तविक आवश्यकता भएकोले नेपाल सरकारको सहलगानी कार्यक्रमको शर्तहरू पालना गरेर कार्यान्वयन गर्न यस खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको तर्फवाट प्रतिबद्धता जाहेर गर्दछौं ।

--------------- ---------------

(..........................) (..........................)

सचिव अध्यक्ष

..................... खानेपानी उपभोक्ता तथा सरसफाइ समिति

मितिः- ...........................

........................... खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले यस आवेदन फारममा प्रस्ताव गरेको सार्वजनिक सरसफाइ सम्वन्धित आयोजना संयुक्त रूपमा सहलगानी गरी कार्यान्वयन गर्न यस जिल्ला विकास समिति/ नगरपालिका/गाउं विकास समितिको सहमती रहेकोले सहलगानीको उद्देश्य एवं कार्यप्रक्रिया अनुरूप आयोजना कार्यान्वयन गर्न र निर्धारित प्रावधान अनुरूप आयोजनाको लागत बेहोर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

--------------- ---------------

निकायको नाम : .......................................................................

मितिः- ...........................

(एक भन्दा बढी स्थानीय निकायले लगानी गर्ने अवस्थामा प्रत्येक निकायको सहमती एवं प्रतिबद्धता संलग्न राख्नुपर्दछ) ।

यस आवेदन फारममा उल्लिखित विवरण अनुसारको आयोजना कार्यान्वयन गर्न उचित एवं आवश्यक भएकोले आयोजना कार्यान्वयनको लागि सिफारिश गरिएको छ ।

---------------

(...............................)

स्थानीय विकास अधिकारी

जिल्ला विकास समितिको कार्यालय

मितिः- ...........................

<u>आवेदन पत्रसाथ संलग्न कागजात</u>

१. उपभोक्ता समिति दर्ता प्रमाणपत्रको फोटाकपी - पाना ........
२. उपभोक्ता समितिको विधानको फोटोकपी - पाना ........
३. पछिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी - पाना ........